चन्द्रागिरि नगरपालिका
चन्द्रागिरि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल


प.सं. :
च.नं. :

**चन्द्रागिरि नगरपालिका क्षेत्र भित्रको कवाडी समाग्री उत्पादन तथा निकासी सम्बन्धी सम्भाव्यता अध्ययन कार्यको प्रस्ताव माग सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०३/१२ गते

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६१ बमोजिम नगरपालिकाको क्षेत्राधिकार भित्र नगरपालिकाले विभिन्न प्रकारका कवाडी करको दर निर्धारण गर्ने तथा संकलन गर्ने कानुनी व्यवस्था रहेको छ । यसै गरी चन्द्रागिरि नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०७८ को दफा १ को उपदफा १(४क) बमोजिम कुनै पनि क्षेत्रको आय ठेक्का गर्नु अगाडि सम्भाव्यता अध्ययन गराउनु पर्नेछ भन्ने व्यवस्था रहेकोले यस नगरपालिका क्षेत्र भित्र एक आर्थिक बर्षमा उत्पादन, संकलन एवं निकासी हुने कवाडीमा संकलन हुने करको अवस्थाको बारेमा सार्बजनिक खरिद नियमावली, २०६४(संशोधन सहित) को नियम ८२(१) को व्यवस्था भित्र रही परामर्शदाता मार्फत सम्भाव्यता अध्ययन गराउनु पर्ने भएकोले यसै साथ संलग्न कार्यसूची बमोजिम ईजाजत प्राप्त फर्म वा कम्पनीहरुले यो सूचना प्रकाशित भएको ७ (सात) दिन भित्र तपशिल बमोजिमको कागजात सहित आर्थिक प्रस्ताव पेश गर्नु हुन सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

तपशिलः

- फर्म, कम्पनी दर्ता/ नवीकरण प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र, आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- च.न.पा.मा सूचीकृत भएको प्रमाण पत्र ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश नेपाल

# कवाडी सामाग्री संकलन तथा नकासी सम्वन्धी सम्भाव्यता अध्ययनको लागि

# तयार पारिएको कार्यक्षेत्रगत शर्तहारु (TOR)

चन्द्रागिरि नगरपालिका नगर कार्यापालिकाको कार्यालय,

बलम्बु, काठमाण्डौ

## कार्य क्षेत्रगत शर्तहरु (TOR)

पृष्ठभूमि :

प्रस्तुत बिषयमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६१ बमोजिम नगरपालिकाको क्षेत्राधिकार भित्र नगरपालिकाकले विभिन्न प्रकारका कवाडी करको दर निर्धारण गर्ने तथा संकलन गर्ने कानुनी व्यवस्था रहेको छ ।चन्द्रागिरि नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०७८ को दफा १ को उपदफा १(४क) मा आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, सम्भावित परिचालन, श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु बर्षको ठेक्का अंक समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्युनतम ठेक्का अंक र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्ययोजना तयार गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ ।चन्द्रागिरि नगरपालिकाको आर्थिक ऐनले तोकेको दररेट अनुसार यस क्षेत्र भित्र निष्कासन, उत्पादन तथा ओसारपसार हुने आर्थिक ऐन, २०८२ को अनुसूची -५ को क्र.सं २ बमोजिमका कवाडी वस्तुहरुमा कर संकलन गरी आन्तरिक आय वृद्धि गर्ने र फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित गर्ने उद्देश्यले यो क्षेत्रगत/TOR शर्तहरु तयार गरिएको छ।

१.सेवाको उद्देश्यः

- च.न.पा क्षेत्र भित्र व्यवसाय गरेका तर कानुन बमोजिम करको दायरामा ल्याउन बाँकी रहेका कवाडी संकलन तथा निकासी गर्ने व्यवसायी एंव परिमाणको यथार्थ विवरण अध्यावधिक गरी सम्पूर्ण करदातालाई करको दायरामा ल्याउने।
- वातावरण संरक्षण गर्ने।
- यस नगर क्षेत्र भित्र उत्पादन हुने कवाडी जन्य सामाग्रीको बैज्ञानिक व्यवस्थापन गर्ने।

२.कार्यक्रमको रुपरेखा :

कवाडी संकल एंव निकासी करदाताहरुको लगत संकलन गरी प्रारम्भिक प्रतिवेदन तयार भई सके पछि सम्वन्धित करदातालाई नगरपालिकाले प्रकाशन गरेको सुचना एंव पत्राचारको जानकारी एंव करको दायरा सम्म ल्याउने कार्यमा सहजीकरण सम्मका कार्य गर्नु पर्नेछ साथै सम्भाव्याता अध्ययन कार्य तपशिल बमोजिमको समय भित्र सम्पन्न गर्नु पर्नेछ ।

- प्रारम्भिक प्रतिवेदन १५ दिन भित्र तयार गर्नु पर्नेछ ।
- अन्तिम प्रतिवेदन सम्झौता भएको मितिले १ महिना भित्र नगरपालिकालाई बुझाउनु पर्नेछ।

३.आवश्यक योग्यताः

- उलेखित क्षेत्रसंग अनुभव भएको संस्था वा व्यक्ति
- फर्म, कम्पनी दर्ता/ नवीकरण प्रमाणपत्र, PAN/VAT प्रमाणपत्र, आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- च.न.पा मा सुचिकृत हुनुपर्ने र सुचीकृत भएको प्रमाण पत्र पेश गर्नु पर्ने

### ४. प्रतिवेदनमा समावेश हुनु पर्ने कुराहरु:

- प्रारम्भिक कार्ययोजना
- उत्पादन सामग्री विवरण,कवाडी उत्पादन क्षेत्र, गणना गरिएको राजस्वको सूची सहितको विवरण
- तुलनात्मक विश्लेषण तालिका सहित विस्तृत प्रतिवेदनमा यस पालिकामा आर्थिक वर्षभरी कवाडी करवाट उठ्न सक्ने कुल राजस्व रकम सहितको अनुमानित अधिक्तम विश्लेशणात्मक विवरण
- सम्भाव्यता अध्ययन पश्चात कवाडी सामाग्रीको प्रकृति र कवाडी सामग्री उत्पादन र निकासी हुने स्थानको स्पष्ट पहिचान
- अन्तिम प्रतिवेदन (सम्बन्धित स्थानको फोटो, सम्पर्क नम्वर सहितको प्रमाण )

### ५.कार्यक्रमको अपेक्षित उपलब्धी:

- यस पालिका क्षेत्र भित्र कवाडी उत्पादन, संकलन तथा निकासी गर्ने करदाताको यथार्थ विवरण तयार हुने ।
- अध्ययन पश्चात राजस्वका दायरामा नभएका करदाताहरु करको दायरामा आउने ।
- दर्ता एंव नवीकरण प्रकियामा निरन्तरता हुने ।
- सम्भाव्यता अध्ययन पश्चात कवाडी सामाग्रीको प्रकृति र कवाडी सामग्री उत्पादन र निकासी हुने स्थानको स्पष्ट पहिचान हुने र करको दर निर्धारण गर्न सहज हुने ।
- राजस्व चुहावट रोकिने ।
- नयां कवाडी व्यवसायीहरु स्वतः करको दायरामा आउने।

### ७. भुक्तानी व्यवस्था:

अन्तिम प्रतिवेदन प्राप्त भए पश्चात सम्झौता बमोजिमको रकम भुक्तानी गरिनेछ ।

### ८. गोपनियता र आचारसंहिता:

- संकलित सबै जानकारी गोप्य राखिने
- कवाडी संकलन तथा निकासीसंग सम्बन्धित संकलित सम्पूर्ण विवरण स्थानीय तहको स्वामित्वमा मात्रै रहने।

### ९. कानुन तथा नियमको पालना:

कवाडी संकलन सम्बन्धी सम्पूर्ण कार्य सघीय, प्रादेशिक एंव च.न.पा वाट तयार पारिएको आर्थिक ऐन, २०८२ आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि, २०७८ लगायतका अन्य प्रचलित कानुनको परिधि भित्र रही अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने ।

CamScanner